DEMOCRACY RESOURCE CENTER

COCAP

NepalMonitor.org NEPAL MONITOR human rights . security . nepal

# असार १४ मा सम्पन्न निर्वाचनको मतगणना अवधिमा भएका घटना

विश्लेषण अद्यावधि – ९

अवधि: असार १५-२७, २०७४

प्रकाशित: असार ३०

## सारांश


असार १४ मा सम्पन्न स्थानीय तह निर्वाचनको मतगणना अवधिमा निर्वाचनसम्बन्धी घटनामा उल्लेखनीय कमी आयो ।[1] नेपाल मोनिटरको तथ्याङ्कअनुसार असार १५ देखि २७ को अवधिमा निर्वाचनसम्बन्धी १४ घटना घटे भने मौन अवधि र निर्वाचनको दिनबीच ९३ घटना भए,[2] तथा जेठ २९ र असार ११ बीच निर्वाचन प्रचार अवधिमा ८९ घटना रेकर्ड गरियो ।[3]

यस अवधिमा घटेका १४ घटनामध्ये आठ घटना विभिन्न प्रतिस्पर्धी दलका कार्यकर्ताहरूबीच झडपको रहयो भने दुई घटनामा अज्ञात समूह संलग्न रहे । अन्य चार घटनाहरु यस प्रकार छन् : झापाको दमकमा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का कार्यकर्ताहरूले निर्वाचन आयोगले पहिला उनीहरूको पक्षमा रहेको निर्वाचन परिणामलाई बदलेको विरोधमा प्रदर्शन गरे; एउटा मतपत्र हराएपछि मुख्य दलहरूले झापाको अर्जुनधारा नगरपालिकाको मतगणना केन्द्रमा तालाबन्दी गरे; नेपाली काँग्रेसका कार्यकर्ताहरूले निर्वाचनमा आफ्नै दललाई अन्तर्घात गरेको भन्दै एकजना कार्यकर्तालाई कालोमोसो दले; र निर्वाचन विरोधी गतिविधि गरेको भन्दै नेपाल कम्युनिस्ट पार्टी (नेकपा) कार्यकर्ताहरू र स्वतन्त्र मधेशको अभियानमा रहेको एउटा समूहको एकजना कार्यकर्तालाई प्रहरीले समात्यो ।


---

[1]प्रदेश १, ५ र ७ मा ३३४ स्थानीय एकाइमा भएको निर्वाचनको मतगणना असार १५ मा सुरु भएर असार २७ मा सम्पन्न भयो । १५१ एकाइमा मेयर/अध्यक्ष पदमा जित्दै नेपाल कम्युनिस्ट पार्टी – एकीकृत मार्क्सवादी लेनिनवादी (नेकपा-एमाले) प्रथम स्थानमा रहयो भने १२२ एकाइमा मेयर/अध्यक्ष पदमा जितेर नेपाली काँग्रेस दोश्रो, ३८ मेयर/अध्यक्षसहित नेपाल कम्युनिस्ट पार्टी – माओवादी केन्द्र तेश्रो रहयो । त्यसैगरी सङ्घीय समाजवादी फोरम नेपाल (ससफो) ले आठ र नेपाल लोकतान्त्रिक फोरम (नेलफो) ले छ मेयर/अध्यक्ष पदमा जितेर क्रमश: चौथौ र पाँचौ स्थान ओगट्यो । राप्रपाले चार मेयर/अध्यक्ष जित्दै छैठौ रहयो ।

[2]असार १२ र १४ को मौन अवधि र निर्वाचन दिनको अवधिमा घटेका घटनासम्बन्धी पूर्ण विवरणको लागि फ्याक्टसीट २ हेर्नुहोस् ।

[3] चुनाव प्रचार अवधिमा भएका घटनाबारे पूर्ण विवरणको लागि विश्लेषण अद्यावधि ८ हेर्नुहोस् ।

असार १ मा सरकारले प्रदेश २ मा स्थानीय तह निर्वाचन असोज २ मा हुने घोषणा गऱ्यो । राष्ट्रिय जनता पार्टी नेपाल (राजपा) ले उठाउँदै आएको मागहरूलाई सरकारले अझैसम्म पनि सम्बोधन गर्न नसेकोले प्रदेश २ मा तोकिएको मितिमा फेरि पनि चुनाव हुनेमा शङ्का रहेको छ । असार २३ मा राजपाले निर्वाचन आयोगमा दल दर्ता गरे तापनि चुनावमा भाग लिन संविधान संशोधन हुनुपर्ने पूर्वशर्तलाई उसले पुनः दाहोऱ्याएको छ । राजपाले निर्वाचन बहिष्कार गर्ने निर्णय लिएमा सरकारलाई प्रदेश २ मा चुनाव सफलतापूर्वक सम्पन्न गराउनु चुनौतीपूर्ण हुनेछ । तराईमा नेपाली सेनालगायत सुरक्षा निकायको उल्लेखनिय परिचालनले मात्र चुनाव शान्तिपूर्ण हुने निश्चित गर्दैन । सफल र शान्तिपूर्ण निर्वाचनको निम्ति सरकार र आन्दोलित दलहरूबीच निरन्तर संवाद र राजनीतिक सहमति आवश्यक छ ।

## घटनाहरुको विवरण[4]

अन्तरपार्टी भिडन्तका घटनाहरू

- असार १५ मा बझाङको छबीसपाथिभेरा गाउँपालिकामा नेकपा-एमाले र माओवादी केन्द्र कार्यकर्ताबीच झडप हुँदा दुईजना नेकपा-एमाले कार्यकर्ता, दुईजना प्रहरी र एकजना नागरिक घाइते भए । घटनामा संलग्न नौजनालाई प्रहरीले गिरफ्तार गऱ्यो ।
- असार १५ मा बाजुराको बाढीमलिका नगरपालिकामा मतगणनासम्बन्धी विवाद हुँदा एकजना नेपाली काँग्रेस कार्यकर्ताले एकजना नेकपा-एमाले कार्यकर्तालाई आक्रमण गरे ।
- असार १५ मा अछामको रामरोशन गाउँपालिकामा नेकपा-एमाले कार्यकर्ताहरूले मााओवादी केन्द्रको विजय जुलुसमा ढुङ्गा प्रहार गर्दा कम्तीमा तीनजना माओवादी कार्यकर्ता घाइते भए । टाउकोमा गम्भीर चोट लागेका दुईजना घाइतेलाई हेलिकप्टरमा नेपालगञ्ज लगियो । घटनामा संलग्न छजना गिरफ्तार भए ।
- असार १६ मा रोल्पाको रोल्पा नगरपालिकामा मतगणनासम्बन्धी विवाद हुँदा माओवादी केन्द्रसम्बद्ध योङ्ग कम्युनिस्ट लिग (वाइसीएल) कार्यकर्ताहरूले नेपाली काँग्रेस कार्यकर्ताहरूलाई ढुङ्गा प्रहार गर्दा कम्तीमा सातजना नेपाली काँग्रेस कार्यकर्ता घाइते भए ।
- असार १६ मा खोटाङको रुपाकोट मझुवागढी नगरपालिकामा नेपाली काँग्रेसको विजय जुलुसमा नेकपा-एमाले कार्यकर्ताहरूले आक्रमण गर्दा तीनजना नेपाली काँग्रेस कार्यकर्ता घाइते भए । आत्रमणमा संलग्न तीनजना नेकपा-एमाले कार्यकर्तालाई प्रहरीले गिरफ्तार गऱ्यो ।

[4]सम्पूर्ण घटनाहरुको लागि हेर्नुहोस् नेपाल मनिटरको वेब साइट ।

- असार १७ मा कञ्चनपुरको पुनर्बास नगरपालिकामा माओवादी केन्द्र र नेपाली काँग्रेस कार्यकर्ताहरूबीच मतगणनासम्बन्धी विवादमा भिडन्त हुँदा पाँचजना घाइते भए । मतगणना प्रकृयाप्रति दुवै दलले असन्तुष्टि देखाएपछि भिडन्तअघि नै मतगणना रोकिएको थियो । प्रहरीअनुसार स्थितिलाई नियन्त्रणमा लिन उनीहरुले पाँच राउण्ड हवाईफायर र छ सेल अश्रुग्यास प्रहार गर्नु पऱ्यो ।
- असार १८ मा सुनसरीको रामधुनीभाषी नगरपालिकामा नेपाली काँग्रेस कार्यकर्ताहरूले नेकपा-एमालेको विजय जुलुसमा आक्रमण गर्दा दुईजना नेकपा-एमाले कार्यकर्ता घाइते भए । घटनाको बेला उपस्थित नेकपा-एमालेका कार्यकर्ताहरूले भनेअनुसार नेपाली काँग्रेस कार्यकर्ताहरूले बाँसको भाटा, भाला र मोटरसाइकलका हेलमेटले उनीहरूको जुलुसमा आक्रमण गरेका थिए ।
- असार २२ मा सुर्खेतको बिरेन्द्रनगर नगरपालिकामा चुनावसम्बन्धी विवादमा एक नेपाली काँग्रेस कार्यकर्ताले एकजना नेकपा-एमाले कार्यकर्तालाई घरेलु हतियारले प्रहार गर्दा नेकपा-एमाले कार्यकर्ता सामान्य घाइते भए ।

<u>अज्ञात समूहसंलग्न घटनाहरू</u>

- असार १८ मा तेह्रथुमको आठराई गाउँपालिकामा नेकपा-एमालेको विजय जुलुसमा सरिक हुन हिँडेका एकजना नेकपा-एमाले कार्यकर्तालाई एक अज्ञात समूहले आक्रमण गर्दा उनी गम्भीर घाइते भए ।
- असार २४ मा झापाको कमल गाउँपालिकामा एकजना नेकपा-एमाले कार्यकर्तालाई आफ्नै दलविरुद्ध अन्तर्घात गरेको भन्दै एक अज्ञात समूहले आक्रमण गऱ्यो । आक्रमण गर्नेहरूले नकाब लगाएको हुनाले नेकपा-एमाले कार्यकर्ताले उनीहरूलाई चिन्न सकेनन् ।

<u>अन्य घटनाहरू</u>

- असार १६ मा झापाको दमक नगरपालिकामा वडा १ को राप्रपाको उम्मेदवारविरुद्ध निर्वाचन अधिकारीले षडयन्त्र गरेको भन्दै राप्रपाले विरोध प्रदर्शन गऱ्यो । राप्रपाअनुसार निर्वाचन अधिकारीले पहिला उसको उम्मेदवारलाई वडा अध्यक्षमा विजयी घोषणा गरे तर पछि राप्रपा र नेकपा-एमालेको बराबरी मत आएको घोषणा गरे ।
- असार १६ मा झापाको विभिन्न ठाउँबाट निर्वाचनविरुद्ध गतिविधि गरेको भन्दै छजनालाई प्रहरीले गिरफ्तार गऱ्यो । गिरफ्तार हुनेमध्ये पाँचजना नेकपासम्बद्ध र एकजना स्वतन्त्र मधेश अभियानआबद्ध थिए ।
- असार १८ मा एउटा मतपत्र हराएपछि मुख्य दलहरूले झापाको अर्जुनधारा नगरपालिकाको मतगणना केन्द्रमा तालाबन्दी गरे ।

- असार २१ मा बाँकेको कोहल्पुर नगरपालिकामा नेपाली काँग्रेसका कार्यकर्ताहरूले निर्वाचनमा आफ्नै दललाई अन्तर्घात गरेको भन्दै एकजना कार्यकर्तालाई कालोमोसो दले ।

*नोटः घटनाहरुको नक्शा तल छ ।*

****

*यो प्रतिवेदन डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डिआरसीएन) र शान्तिका लागि साझा अभियान (कोक्याप)/नेपाल मोनिटरले आउँदो निर्वाचनहरुको अवधिभर प्रकाशन गर्ने आवधिक विश्लेषण अद्यावधि शृङ्खलाको नवौं संस्करण हो । यस परियोजनाले द एशिया फाउन्डेशन र द कार्टर सेन्टरबाट आर्थिक र प्राविधिक सहायता प्राप्त गरेको छ ।*


NEPAL MONITOR
NepalMonitor.org
human rights . security . nepal
स्थानीय निर्वाचनको सेरोफेरोमा घटेका घटनाहरु, असार १५ - असार २७, २०७४
असार २२: चुनावको विषयमा भएको विवादलाई लिएर सुर्खेतमा नेपाली काँग्रेसका कार्यकर्ताहरुद्वारा नेकपा एमालेका युवा नेता माथि आक्रमण
असार २१: अन्तर्घात गरेको भन्दै नेपाली कांग्रेसका ४ कार्यकर्ताले बाँकेको कोहलपुरमा आफ्नै युवा नेतालाई कालो मोसो दले
असार १७: कंचनपुरको पुनर्बास नगरपालिका-१ को भोट गन्ने क्रममा नेपाली काँग्रेस र नेकपा माओबादी केन्द्रबीच भएको विवाद झडपमा परिणत हुँदा ५ जना घाइते
असार १६: रोल्पाको रोल्पा नगरपालिका-१० को भोट गन्ने क्रममा विवाद सिर्जना हुँदा वाईसीएल कार्यकर्ताहरुद्वारा नेपाली काँग्रेस कार्यकर्तामाथि आक्रमण
असार १५: नेकपा माओबादी केन्द्रका कार्यकर्ताहरुले अछामको रमारोशन गाउँपालिका-१ मा नेकपा एमालेको बिजय जुलुशमा ढुंगामुडा गर्दा ८ जना घाइते
असार १५: बाजुराको बढीमालिका नगरपालिकाको भोट गन्नेक्रममा विवाद हुँदा नेपाली कांग्रेस कार्यकर्ताहरुद्वारा नेकपा एमालेका कार्यकर्ताहरुमाथि आक्रमण, २ जना एमाले कार्यकर्ता घाइते
असार १५: बझाङको छब्बीसपाथीभेरा गाउँपालिकामा नेकपा एमाले र नेपाली काँग्रेस कार्यकर्ताबीच झडप हुँदा ५ जना घाइते
बझाङ
बैतडी
बाजुरा
अछाम
कंचनपुर
सुर्खेत
रोल्पा
बाँके
दाङ
अर्घाखाँची
खोटाङ
तेह्रथुम
उदयपुर
सुनसरी
झापा
असार २४: नेकपा एमालेकोतर्फबाट झापाको कमल गाउँपालिका-१ का वडा अध्ययक्षको उम्मेदवारलाई हराउन भूमिका खेलेको भन्दै नकावधारी एक समूहद्वारा नेकपा एमालेकै एक कार्यकर्तामाथि आक्रमण
असार १८: अज्ञात समूहद्वारा तेह्रथुमको आठराई गाउँपालिका-३ मा नेकपा एमालेका एक कार्यकर्तामाथि आक्रमण
असार १८: नेपाली काँग्रेसका कार्यकर्ताहरुले सुनसरीको रामधुनी नगरपालिका-५ मा नेकपा एमालेको बिजय जुलुशमा आक्रमण गर्दा २ जना एमाले कार्यकर्ता घाइते
असार १८: झापाको अर्जुनधारा नगरपालिका-२ को एउटा मतपत्र हराएपछि नेपाली काँग्रेसका कार्यकर्ताहरुद्वारा मतगणनास्थलमा तालाबन्दी
असार १६: खोटाङको मझुवागढ़ी गाउँपालिका-१ मा नेपाली काँग्रेस कार्यकर्ताहरुले नेकपा एमालेको बिजय जुलुशमा आक्रमण गर्दा ३ जना घाइते
असार १६: चुनाव विरोधी गतिविधि गरेको भन्दै प्रहरीद्वारा झापाबाट नेपाल कम्युनिस्ट पार्टीका ५ जना र डाक्टर सिके राउत सम्बद्ध स्वतन्त्र मधेस अभियानको १ जना कार्यकर्ता पक्राउ
घटनाका प्रकारहरु
घेराउ धर्ना तालाबन्दी
प्रदर्शन
बन्द हड्ताल
कार्यक्रम अवरोध तथा निषेधका घटना
राजनीतिक दलका कार्यकर्ता पक्राउ
अरु प्रकारका अहिंसात्मक घटना
आक्रमण
बम तथा विष्फोटक पदार्थ फेलाका घटना
जम्मा घटनाहरुको संख्या
०
१ - २
३ - ५